
# The Keys to unlock
# THE BIBLE

## STUDY # 1





THE GREAT TRUTHS OF
**THE BIBLE**


"Thy word is truth" ...John 17:17

# THE GREAT TRUTHS OF THE BIBLE

## STUDY : #1

# The Keys to unlock the Bible !






# *पाठ – १*
# *बाइबल खोल्ने तरिकाहरु*

'बाइबल' शब्दको अर्थ के हो,यसबाट नै आजको अध्ययन शुरु गरौ।बाइबल शब्द ग्रीक शब्द 'बिब्लोस' बाट उद्दरण गरिएको हो जसको अर्थ किताब हो।कस्को किताब-पर्मेश्वरको किताब।साधारण तर अति नै शक्तिशाली किताब।पर्मेश्वरले यो किताब मानब जातिको लागी लेख्नु भयो जसमा उहाँले बोल्नुभएका बचनहरु टिपोट गरिएका छन्।ससांरमा थुप्रै धर्मका बिभिन्न भगवानका असन्ख्य किताबहरु छन जसलाई धार्मिक ग्रन्थ भनिन्छ।





हिन्दू धर्मका धार्मिक ग्रन्थहरुलाई बेद भनिन्छ-जस्तै ऋग-बेद्, यजुर-बेद्, साम-बेद र अथर्ब-बेद। तर, बाइबललाई हिन्दी भाषाहरुमा सत्य-बेद अथवा सत्यको बेद भनिन्छ।बाइबललाई खोल्ने र बुझ्ने चाबीहरु हेर्नु भन्दा पहिला हामिले बाइबलको बनावट सम्बन्धी केहि तथ्य र बिबरणहरु हेर्नेछौ।पबित्र धर्मशास्त्रको प्रमुख दुई बिभाजनहरु छन।

- येशूको आगमन भन्दा पहिला (पुरानो करार)
- येशूको आगमन पछी (नयाँ करार)

पुरानो करारमा ३९ वटा पुस्तकहरु छन् भने नयाँ करारमा २७ वटा पुस्तकहरु छन्।तसर्थ,बाइबलमा ६६ वटा पुस्तकहरु छन्-पुस्तकहरुको किताब।रोमन क्याथोलिक जस्ता केहि ख्रीष्टियान साथीहरुले बाइबलमा ६६ वटा भन्दा बढी पुस्तकहरु छन भन्ने धारणा राख्दछन्।को चाँही र कुन चाँही धारणा सही हो भन्ने बिषयमा छिर्नुभन्दा पहिला यसको उत्तरको लागी हामिले प्रभुकै बचनमा हेरौ।

यो लेबी २४:५-७ मा पनि लेखिएको र पुष्टी भएको छ,जुन बचनमा भेट हुने पालमा पबित्र-स्थान भित्र सामदान माथी राखिएको रोटी दुई लहरमा ६/६ वटा पुस्तक भएको पबित्र बाइबल हो।






- पुरानो करारको लागी १६०० बर्ष र
- नयाँ करारको लागी १०० बर्ष ।

संसारको कुनै पनि पुस्तक लेखिनको लागी यती लामो अबधि लागेको भनेर दाबी गर्न सकिदैन।बाइबलको सबैभन्दा पहिले लेखिएको पुस्तक कुन हो त?

> अय्युबको पुस्तक सबैभन्दा पहिले लेखियो भने प्रकाशको पुस्तक सबैभन्दा पछी इ .स. ९६ मा लेखियो।

-> पर्मेश्वरको बचनहरु दस्ताबेज गर्न बिभिन्न पृष्ठभुमीका जम्मा ४० जना लेखकहरुलाई पर्मेश्वरले उहाँको हतियार स्वरूप चलाउनुभयो।



- लुका बैध / लुका डाक्टर थिए । (कलस्सी ४:१४)
- पावल फरिसी थिए ।(प्रेरित २३:६)
- मत्ती कर उठाउने ब्यक्ती थिए । (लुका ५:२७,२८)
- मोशा उच्च शिक्षा हासिल गरेका दिक्षित र मिश्र देश को दोश्रो फारो हुन का लागी तालिम दिइएका ब्यक्ती थिए । (प्रस्थान २:१०)
- आमोस गरीब गोठाला थिए । (आमोस ७:१५ )
- दाउद गोठालो थिए जो पछी गएर राजा बने ।:( १ शमूएल १६:१९)
- सोलोमन जो राजा थिए । (१ राजा २:१२)
- पत्रुस र युहुन्ना मछुवा हरु थिए । (मत्ती ४:१८-२१) र आदी।






बाइबलको सबैभन्दा अपत्यारिलो र अनौठो कुरा के छ भने यो पुर्ण रूपमा बिना कुनै बिबाद तालमेल मिलेको छ । तसर्थ नै, हामी यो कुरा बुझ्न सक्छौ कि बाइबलको मुख्य लेखक प्रभु आफैले मानिसहरुलाई उहाको हतियार स्वरूप चलाउनुभयो । यस तथ्यलाई हामी हिब्रु १:१, २ र २ तिमोथी ३:१६ लाई पुष्टी गर्दछ।

*"जुन परमेश्वर प्राचिन कालमा हाम्रा पिता-पुर्खाहरूसित विभिन्न समयमा र विभिन्न प्रकारले अगमवक्ताहरूद्वारा बोल्नुभयो, २ उही परमेश्वर यी अन्तिम दिनहरूमा चाँही हामीसंग आफ्नो पुत्रद्वारा बोल्नुभएकोछ। जसलाई उहाँले सबै कुराहरुको हकवाला नियुक्त गर्नुभय्रको हो, जसद्वारा उहाँले संसारहरु पनि बनाउनुभयो ।*

➡ *"सबै धर्मशास्त्र परमेश्वर को प्रेराणा द्वारा दिइएको हो,अनि शिक्षा का दिनु निम्ती , भुलदोश देखाउनको निम्ती, सुधारको निम्ती,धारमिकताको सम्बन्धमा तालिमका निम्ती लाभदाएक हुन्छ।"*

अनी, हामी यो पनि हेर्छौं कि बाइबल सन्सारमा सबैभन्दा धेरै पढिएका पुस्तकहरु मध्य बाइबल अझ धेरै पढिएको पुस्तक हो जुन महात्मा गान्धी , जवरलाल नेहेरु र दलाई लामा जस्ता गैर इसाइ नेताहरुले समेत पढे । पत्याउनुस वा नपत्याउनुस । भारतको स्वाधिनता यथार्थमा बाइबलबाटै सफल भएको हो । भारतका पिता महात्मा गान्धी बाइबलबाट अति नै प्रभावित भएका थिए । उनलाई बिशेष गरी मत्ती ५:३९ के छोयो ।

*"तर म तिमीहरूलाई भन्दछु, 'दुष्टको सामना नगर्।यदि कसैले तिम्रो दाहिने गालामा चट्काइदियो भने त्यसलाई देब्रे गाला पनि फर्काइदेओ। "*


यो नै अहिसां आन्दोलनको आधार बन्यो जस द्वारा पुरै भारत स्वतन्त्र भयो।आजको दिन सम्म पनि भारतको संसद भवनमा यो पद लेखिएको हुन्छ।तर थोरै लाई मात्र यो बाइबलको पद हो भन्ने कुरा थाहा छ।धेरैले त्यो महात्मा गान्धीको बाणी हो भन्ने मानिलिन्छन्।

☞हामी हेर्छौं कि बाइबल संसारमा सबैभन्दा बढी छापिएको पुस्तक हो।सर्बप्रथम ई.स. १४५४ मा बाइबल छापाखानाबाट छापिन शुरु भयो।



आज, बाइबल सन्सारको २००० भन्दा बढी भाषाहरुमा छापिन्छ।तरैपनि, बाइबलमा प्रयोग भएको भाषा र चिन्हहरुको कारण नै यस किताब सन्सार भरी नै बढी नबुझिएको,अझ बिशेषत:ख्रीस्टियानहरु माझ नै गलत तरिकाले बुझिएको पुस्तक पनि हो।हो, बाइबल प्रभुबाट मानब जातीको लागी लेखिएको आत्मिक आहार हो। यसलाई मत्ती ४:४,व्यवस्था ८:३ र यर्मिया १५:१६ मा पढ्न सक्छौ।

"तर जवाफ दिएर येशूले भन्नुभयो;  " लेखिएको छ मनिस रोटीले मात्र होइन , परमेश्वरको मुखबाट निस्केको हरेक वचनले बाँच्दछ । "



"परमप्रभुले तिमीलाई नम्र तुल्याउनु भयो,तिमीलाई भोको हुन दिनु भयो र तिमीलाई मन्न खुवाउनु भयो लसलाई तिमीले नता जानेका थियौ, न ता तिम्रा पुर्खाहरूले जानेका थिए; रोटीले मात्र बाँच्दैन,तर परमप्रभुको मुखबाट निस्कने हरेक वचनले मानीस बांच्दछ 'भन्नेकुरा तिमीलाई बुझ्ने तुल्याउनलाई उहाले यसो गर्नुभयो।''

"तपाईंका बचनहरु फेला परे , र मैंले तिनलाई खाएँ ; आनी तपाईंका बचनहरु मेरा  निम्ती हर्श र मेरो ह्रीदयको आनन्द भए, ;किनकी हे परमप्रभु ,सेनाहरुका परमेस्वोर,म तपाईंको नामले कहल्याइएको छु।"

"जसरी प्राकृतिक खाना पनि थरीथरीका हुन्छन र उमेर अनुसार फरक फरक पोषणतत्व भएका खाध्य पदार्थहरु आबश्यक पर्छ, त्यसरि नै आत्मिक आहार को निम्ती पनि यो लागु हुन्छ।कसरी भनेर तपाईं सोध्न सक्नुहुन्छ होला? यसको उत्तर हामी हिब्रु ५:१२-१४ मा पाउछौ ।



"१२ किनकी समय अनुसार त तिमीहरू शिक्षकहरू बनिसक्नुपर्ने थियो, तर परमेश्वरका बचनहरुका शिक्षा पो फेरी तिमीहरूलाई सिकाउन आवश्यक भएको छ; अनि तिमीहरू यस्ता भएकाछौ जसलाई खदिलो खानेकुरा होइन दुध नै चाहिएकोछ, १३ किनकी दूध पिउने हरेक मनिस धार्मिकताको बचनमा सिपालु हुँदैन;किनकी उ बालकै हुन्छ।।१४ तर खदिलो खानेकुरा पुरा बढेका मनिसहरुका निम्ती हो,जसका इन्द्रियहरू काममा परी-परिकन दुबै असल र खराब बीचको भिन्नता छुट्याउन निरन्तर अभ्यास गेरका हुन्छन।"

हो, यहाँ प्रेरित पावलले आत्मिक भोजनलाई प्रष्टै दुध र खदिलो भोजनमा (ठोस आहारा) बिभाजन गरेका छन्।जसरी भर्खरै बढ्दै गरेको बालक दुधमात्र बाट ठोस खाना खान थाल्दछ त्यसरि नै हाम्रो आत्मिक जिबन पनि त्यही अनुसारले नै बढदै र बिकसित हुँदै जानुपर्दछ।तर,प्रेरित पावलले कतीपय चाही कत्तीपनि बिकसित नै नभएको पाइने कुरा गर्दछन जसै उनि १२ पदमा लेख्दछन्।

"किनकी समय अनुसार त तिमीहरू शिक्षकहरूबनिसक्नुपर्ने थियो, तर परमेश्वरका बचनहरुका शिक्षा पो फेरी तिमीहरूलाई सिकाउन आवश्यक भएको छ; अनि तिमीहरू यस्ता भएकाछौ जसलाई खदिलो खानेकुरा होइन दुध नै चाहिएको छ ।"

दुधको अर्थ के हो  त?यसको उत्तर हामी हिब्रु ६:१-३ मा पढ्न पाउछौ ।

*"१ यसकारण ख्रीष्टको शिक्षाको शुरुका कुराहरुलाई छोडेर हामी सिद्दतातिर अघी बढऔ!मरेका कामहरुबाटको पश्च्त्तापको,र पर्मेशोवेर माथिको विश्वासको, २ अनी बप्तिस्माहरु, हातरखाइ, मरेकाहरु बाटको बौरिउठाइ र अनन्त न्यायको शिक्षाको जग हामीले फेरी नहालौ!३ अनी पर्मेश्वरले अनुमती दिनुभयो भने हामी यही गर्नेछौ।"*

हो, प्रभुको बचनमा रहेको प्राथमिक सिद्दान्तका शिक्षाहरु सबै नै दुध हुन्।यसलाई प्रेरित पत्रुसले पनि १ पत्रुस २:२ मा उल्लेख गरेका छन ।

*"भर्खर जन्मेका बालकहरु जस्तो होऊ।शुद्ध आत्मिक दूधको निम्ति भोकाऊ जसले तिमीहरुलाई बढन र मुक्ति हासिल गर्न सहायता गर्छ।"*

सबै प्राकृतिक बिकासक्रम जसरि नै आत्मिक बिकास पनि दुधबाट शुरु हुनुपर्दछ। अब,हामी बाइबल कसरी पढ्ने भन्ने प्रमुख प्रश्नमा आऔ। यो साच्चै बुझ्नलाई कठिन किताब हो।यो मोहोर लगाइएको किताब हो त्यसैले नै यसलाई खोल्न पनि चाबी वा तरिकाहरु छन्।यि तरिकाहरु के के हुन त? हो, प्रभुको अनुग्रहले आज हामी बाइबल खोल्ने ३ वटा सुनौलो चाबीहरु/तरिकाहरुलाई हेर्नेछौ।सुनौलोले यहाँ दिब्यतालाई जनाउदछ जसै बाइबल खोल्ने निम्न चाबीहरु पनि प्रभु कै हुन्।आउनुहोस्,पहिलो चाबी (तरिका) बाट शुरु गरौ ।

१. पहिलो तरिका :




यशैया २८:१०

*"किनकि यस्तो छ—आज्ञामाथि आज्ञा,आज्ञामाथि आज्ञा;नियममाथि नियम, नियममाथि नियम;अलिकति यहाँ अलिकति, त्यहाँ हुनुपर्छ।"*

यो पदले के भन्न खोजेको छ, बुझ्नुभयो त? हो, बुझ्नुभएन। यस पदलाई राम्ररी बुझ्न हामिले यो पदको पृष्ठभुमी बुझ्नु पर्छ जसै हामी अघिल्लो पदलाई पढ्नेछौ।

*कसलाई उहाले ज्ञान सिकाउनुहोला ? अनी कसलाई उहाले खबर बुझ्ने तुल्याउनुहोला भर्खर दूध छोड़ेका बालकहरूलाई, भर्खर दूधबाट अलग गरिएकाहरूलाई ?"*

हो, पृष्ठभुमी चाही बाइबलका सिद्दान्तहरु (शिक्षाहरु) कसरी पढ्ने र बुझ्ने भन्ने हो।अनि पद १० नै वचन अध्ययन गर्ने पहिलो सुनौलो तरिका हो।

*"किनकि यस्तो छ—आज्ञामाथि आज्ञा, आज्ञामाथि आज्ञा;नियममाथि नियम, नियममाथि  नियम; , अलिकति यहाँ अलिकति, त्यहाँ हुनुपर्छ।"*



यसको अर्थ के हो त?यहाँ प्रस्ताबले शिक्षाहरु/अध्यायहरुलाई बुझाउदछ। शासनले पदहरुलाई जनाउदछ।अध्यायहरुलाई अध्ययन गर्नका लागी तिहरुलाई उचित ढङ्मा शिलशिलाबद्द तरिकामा लेखिएको हुनुपर्दछ र ति अध्याय भित्र पनि पदहरु पनि त्यही किसिमले लेखिएको हुनुपर्दछ।तर,अन्तिम बाक्यलाई ख्याल गर्नुहोस्।

अध्ययनको लागी चाहिने पदहरु बाइबल भरी नै छरिएका हुन्छन जसै तिनिहरु यहाँ अलिकति, त्यहाँ अलिकती रहन्छन्। यसको अर्थ के हो  त?एउटा उदाहरणलाई लिऔ।



के तपाईंलाई थाहा छ, बाइबलले एउटा त्यस्तो ब्यक्तीको बारेमा बताउदछ जो कहिल्यै  मरेनन्? हो, उस्को नाम हनोक हो। हनोकको कथासँग समबन्धित पदहरु बाइबलमा ३ वटा मात्र छन र ति पदहरु बाइबलमा छरिएर रहेका छन्।



पहिलो पद उत्पत्ती ५:२४ हो। अनि दोश्रो हिब्रु ११:५ र तेश्रो यहूदा १४ हो।हो, यो नै यहाँ अलिकती, त्यहाँ अलिकती को सिद्दान्त हो।अनि फेरी आज्ञामाथि आज्ञा,आज्ञामाथि आज्ञा भनि २ चोटी उल्लेख गरिएको छ त? हामिले हेरिसक्यौ कि प्रस्ताबले शिक्षा/अध्यायलाई सन्केत गर्दछ भने शासनले पदहरुलाई संकेत गर्दछ। २ चोटी उल्लेख गरिनुले सबै बाइबल अध्ययन प्रभुको बचनको दुई भागहरु-पुरानो करार र नयाँ करार दुबैबाट हेरिनुपर्ने तथ्यलाई जनाउदछ।त्यसो हो भने पदहरु बाइबलमा किन अलिकती यहाँ,अलिकती त्यहाँ हुन्छन त ? यसको कारणहरु हामी यशैया ३४: १७ मा पढ्न पाउछौ।

*"अनी उहाँले तिनिहरुकानिम्ती गोला हाल्नुभएको छ,अनी उहाँको हातले नाप्ने डोरी तानेर त्यो तिनिहरुलाई बाँडिदिनुभएकोछ;तिनिहरुले त्यो सदाको निम्ती आफ्नो अधिकारमा लिनेछन्;तिनिहरुले पुस्ता-पुस्तासम्म त्यसमा बास गर्ने छन्।"*

यहाँ *डोरी तानेर* भन्ने शब्द बुझ्नलाई अनौठो लाग्न सक्छ।पर्मेश्वरले कसरी सत्यलाई भाग छुट्टाइदिनुहुन्छ त ?



प्राय, ' भाग ' छुट्टाउने वा चिट्ठा हाल्ने चलन भनेको एउटा कागजको प्रती लिएर त्यसलाई टुक्रा-टुक्रा बनाइ त्यस स-साना टुक्राहरुमा त्यस चिट्ठामा संलग्न ब्यक्तीहरुको नाम लेखी अन्त्यमा चिट्ठा थुत्तीन्छ।तसर्थ,पर्मेश्वरले पनि उँहाको सबै सिद्दान्तहरुलाई र सत्यको शिक्षाहरुलाई भागहरुमा व पदहरुमा बिभाजन गरिदिनु भएको छ।



हो, प्रभु आफैले नै सत्यलाई डोरी तानेर पदहरुद्वारा भाग लगाइदिनुभएको छ, अनि पर्मेश्वरले कुनै पनि सिद्दान्तसँग समबन्धित पदहरुलाई बाइबलका ६६ वटा पुस्तकहरुमा छरपस्ट बाडिदिएर लुकाइराख्नु भएको छ ।यो सत्यलाई मोहोर लगाउने दिब्य तरिका हो ।

प्रभुले किन सत्यलाई मोहोर लगाउनुहुन्छ त?किनभने,यो अत्ती नै मुल्यवान छ र यसलाई अनादर र गलत प्रयोग गर्नुहुँदैन।मानिसले त आफ्नो बहुमुल्य चिजहरु दराज,कन्तुर र लकरहरुमा लुकाइ राख्दछन भने पर्मेश्वरको सत्यताहरु झन् कती बहुमुल्य छन् होला?तसर्थ,हामी देख्छौ कि बाइबल मोहोर लगाइएको र चिन्हहरु प्रयोग भएको पुस्तक हो।त्यसो हो भने यसलाई कसरी खोल्ने त?यसको उत्तर हामी यशैया ३४:१६ मा पाउछौ।

*"परमप्रभुको पुस्तकबाट सोधखोज गर र पढ! तिनमा एउटै पनी पुरा नभइ छोडिनेछैन, कसैलाई आफ्नो जोडाको घटी हुनेछैन;किनकी मेरो मुखले नै आज्ञा दिएको हो, र उहाँको आत्माले नै तिनलाई भेला पार्नुभएको छ।"*

हो, हामी पढ्छौ कि पदहरु भेट्टाउन पाठकले पर्मेश्वरको बचनमा खोज्नु र हेर्नुपर्ने हुन्छ।अनि,सबै पदको जोडी हुदछ।यसको अर्थ के हो त ? हामिलाई थाहा छ कि जोडीले २ वटालाई दर्शाउदछ।तसर्थ, पुरुष र नारी एउटा जोडी हो जसै बिद्युतिय जडानमा पनि पोजिटिभ र नेगेटिभ तारहरु मिलेर जोडी बन्दछन्।तर,यस पदमा उल्लेख भएको जोडीको अर्थ के हो त?यसले हरेक पदहरुको प्रश्नको लागी परिपुरक उत्तर भएको पद पनि

हुन्छ भनेको हो।हो, बाइबलमा सबै प्रश्नको उत्तर छ।त्यसैले,बाइबल पढ्ने जो कोहीसँग पनि प्रभुको आत्मा हुनुपर्दछ अनि मात्र उसले ति सबै चाहिने पदहरुलाई सँगाल्न वा पत्ता लगाएर क्रमबद्द रूपमा राख्न सक्दछ। (युहुन्ना १६:१३) तसर्थ,कुनै पनि बिषयलाई शिलशिलाबद्द ढङ्मा त्यससँग समबन्धित पदहरुलाई बाइबलको ६६ वटा पुस्तकहरु भित्रबाट हेरी अध्ययन गरिनुपर्छ।बाइबल अध्ययन गर्ने दोश्रो सुनौलो तरिकामा जानुभन्दा पहिला हामी एउटा चाख लाग्दो पद र त्यसको अर्थलाई हेरौ।

यशैया २८:१०,१३ (पुरै पढ्नुहोस)

यि दुईवटा पदहरुमा प्रयोग भएको शब्द र भाषा समान भएपनि यि दुई पदमा गहिरो भिन्नता छ।यि पदहरुको अर्थ के हो त?यि पदहरुले दुई किसिमका बाइबल अध्ययनहरुको बिषयमा बताउदछ।हामिले पहिला नै यशैया २८:१० लाई हेरौ।

*"किनकि यस्तो छ—आज्ञामाथि आज्ञा, आज्ञामाथि आज्ञा;नियममाथि नियम, नियममाथि नियम; , अलिकति यहाँ अलिकति, त्यहाँ हुनुपर्छ।"*

यस किसिमको बाइबल अध्ययनले तपाईलाई सत्यताको ज्ञानलाई थाहा पाउन र हासिल गर्न अगाडी बढाउछ ।अनि हामी यशैया २८:१३ पदलाई हेरौ।

*"तर परमप्रभुको बचन तिनिहरुका निम्ती यस्तो छ—आज्ञामाथि आज्ञा, आज्ञामाथि आज्ञा;नियममाथि नियम, नियममाथि नियम;अलिकति यहाँ अलिकति, त्यहाँ थियो ।यस हेतुले कि,तिनिहरु जाऊन्,पछिल्तिर लोटुन्,टुक्रा ट्क्रा होउन, अनी पासोमा परुन, र कैदमा लगिऊन्।"*

यसको अर्थ के हो त ? यस किसिमको बाइबल अध्ययनले उल्टो पछाडी धकेली सत्यताको बाटोलाई गुमाउछ ।



यसमा प्रयोग भएको भाषा, शब्द र यसको अर्थहरुलाई ख्याल गर्नुहोस।
"लोटुन्,घाइते होउन र पासोमा परुन" यसले झुटा शिक्षा र त्यसको झुटको गल्तीहरु जकडिएको अवस्थालाई चित्रण गर्दछ ।अनि प्रश्न उठ्न सक्छ कि,हामिले सत्यलाई कसरी चिन्ने त? यसको उत्तर हामी युहुन्ना १७: १७ मा पाउदछौ ।

*"तपाईंको सत्यद्वारा तिनीहरूलाई पबित्र पार्नुहोस्;तपाईंको वचन सत्य हो।"*

☞ यस महत्वपुर्ण सन्दर्भलाई पाइसकेपछी अब कसरी चाही कुनै पनि बाइबल अध्ययन ठिक हो भनि थाहा पाउने त? हो, सिद्दान्तहरु प्रतीको बिश्वासको सिकाइबाट थाहा गर्न सकिन्छ।हो, के सबै शिक्षाहरु बचन

अनुसार छन् त ?आउनुहोस्,एउटा उदाहरण हेरौ।के प्राण नर्कमा मर्दछ त?धेरैको उत्तर-मर्दैन भन्ने नै हुन्छ। तर,हामिले प्राण नर्कमा मर्दछ भनेर पढाउँछौ।किन त?किनभने यसबारे हामिले मत्ती १०:२८ मा पढ्न पाउछौ ।

*"अनी शरीरलाई मार्ने, तर प्राणलाई चाँही मार्न नसक्नेहरु सँग नडराओ; तर बरु उहाँ सँग डराओ;जसले प्राण र शरीर दुबैलाई नरकमा नस्ट गर्न सक्नुहुन्छ।"*

देख्नुभयो?बाइबलले प्राण नरकमा मर्दछ भनेर सिकाउदछ र अझै शरिर पनि नरकमा जादछ भनेर सिकाउदछ।के तपाई अचम्मित हुनुभयो? हो,हामिले मानब प्राणको बारेमा गहिरो अध्ययन आउने पाठहरुमा पढ्नेछौ।तसर्थ,तपाईंले लिनुहुने बाइबल कक्षाहरुलाई बचनको आधारमा जाच गर्नुहोस ताकी त्यस शिक्षा/बिश्वासलाई पुष्टी गर्ने पद बाइबलमा छ कि छैन भनेर पनि खोज्नुहोस्।किनकि,बाइबल आफैले झुटा शिक्षा, शिक्षकहरु र झुटा बाइबल अध्ययनहरुको बारेमा खबरदारी गर्दछ।

अब हामी बाइबल अध्ययन गर्ने दोश्रो सुनौलो तरिकालाई हेर्नेछौ।

# २) दोश्रो सुनौलो तरिका :




२ तिमोथी २:१५

*"आफुलाई परमेश्वरकहाँ ग्रहणयोग्य तुल्याउने प्रयत्न गर, एउटा शर्ममा पर्नु नपर्ने किसिमको कामदार जस्तो,जसले सत्यताको बचन सठिकसँग छुट्याउन्छ।"*

☞ यसको अर्थ के हो त?यहाँ नै रहस्य छ।हामीलाई थाहा छ कि,मानिसद्वारा लेखिने कृतहरुको बिभिन्न रूपहरु हुन्छन्,जस्तै

➡ कबितात्मक,नाटकिय,गद्य,आदी।

त्यसरि नै बाइबल पनि पर्मेश्वरले ३ ओटा भाषाको रूपमा लेख्नुभएको छ।अनी हामी कुनै पनि अध्याय अध्ययन गर्दा त्यसमा प्रयोग भएको भाषाको प्रकारलाई पहिल्याउन होशियारी हुनु पर्दछ।पहिलो भाषाको रूप चाहि-

१) साधारण (शाब्दिक) भाषा हो:

उदाहरण: उत्पत्ती १:१/मत्ती १:२१





*"शुरुमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नु भयो।"*
*"उनले एउटा पुत्रको जन्म दिनेछिन्। तिमीले उहाँको नाउँ येशू राख्नु; किनभने, उहाँले नै आफ्ना मानिसहरूलाई तिनीहरूका पापहरूबाट उद्धार गर्नुहुनेछ।"*

बाइबलको धेरै भाग चाही सजिलै बुझिने सिधा अर्थ लाग्ने साधारण भाषामा लेखिएको छ।

तसर्थ , यसलाई बुझ्न कुनै कठिनाइ हुँदैन । तर, याद राख्नुहोस कि , पुरै बाइबल चाही साधारण भाषामा लेखिएको छैन । हो, दोश्रो भाषाको रूप चाहि

२) दृष्टानतिक भाषा हो:

बाइबलमा थुप्रै छोटा कथाहरु छन जसलाई शाब्दिक अर्थमा लिन/बुझ्न मिल्दैन तर आत्मिक हुन्छन् र त्यसभित्र आत्मिक अर्थ र महत्व लुकेको हुन्छ।यसलाई बुझ्न एउटा उदाहरणलाई हेरौ।बाइबलमा उल्लेखित सबैभन्दा चर्चित दृष्टान्तलाई हेरौ जुन हामी लुका १५:३-७ मा पढ्न पाउछौ।



हराएको भेडाको दृष्टान्त

*" अनी उहाँ ले यसो भन्दै तिनीहरूलाई यो दृष्टान्त सुनाउनु भयो:४ "तिमीहरूमध्ये कुनचाही मनिस होला,जस सँग सय वटा भेंडाहरू छन् , र ती मध्ये एउटा हरायो भने उनान्सय लाई उजाडस्थानमा छोडेर त्यस हराएको भेडालाई नभेट्टाइनजेल त्यसको पछी लाग्दैन?५ अनि त्यसलाई भेट्टाएपछी उसले रमाउदै त्यसलाई*

*आफ्नो काधमा राख्छ।६ अनी घरमा , आएर उसले आफ्नो साथीहरू र छिमेकीहरूलाई यसो भन्दै भेला गर्छ; म सँग आनन्द गर; किनकी मैले मेरो हराएको भेडा भेट्टाएको छु।'७ म तिमीहरुलाई भन्दछु;यसरी नैपश्चतापको खाचो नभएको उनान्सय धर्मि जनहरुका निम्ती भन्दा पश्चताप गर्ने एकजना पापिका निम्ती स्वोर्गमा बढी आनन्द हुनेछ।''*

हो, यो एकदमै चर्चित दृष्टान्त हो जुन भर्खरै खृष्टियान बिस्वासमा छिरेको र बप्तिस्मा लिएको बेलामा पढ्ने गरिन्छ।किनकी त्यही ब्यक्तीलाई नै हराएको भेडा भनेर मानिलिइन्छ।धेरैले पद ७ मा उल्लेख गरिएका व्याक्याशहरु व्यक्तिगत पापीहरुलाई क्षमा गरी प्रभुमा फर्किन आह्वान गरिएको भनि सोच्छन।तर यो पदलाई ध्यान सँग हेरौ/ पढौ।

*"म तिमीहरुलाई भन्दछु; यसरी पश्चातापको खाचो नभएको उनान्सय धर्मी जनहरुका निम्ती भन्दा पश्चाताप गर्ने एकजाना पापिका निम्ती स्वर्गमा बढी आनन्द हुनेछ।"*

यदी यो व्यक्तिगत पापीहरुलाई भनिएको हो भने अरु ति उन्नान्सय जना ब्यक्तीहरु जसलाई पाप क्षमाको कुनै आब्यश्यक्ता छैन, तिनिहरु को हुन त?के यो सन्सार मा त्यती धेरै धर्मी ब्यक्तीहरु छन् त?यसको उत्तर हामी रोमी ३:१० मा पढ्न पाँउछौ।

"जस्तो लेखिएको छ; *"धर्मी कोही छैन , एउटै पनि छैन।"*

हेर्नुहोस त, सबै मानबजातीको अवस्था र तहको सम्बन्धमा यस बचनले प्रष्ट भन्दछ । त्यसो हो भने, ति सृष्टीहरुलाई चित्रण गर्दछ।९९ धार्मिक जनहरु को हुन त? हो, यस दृस्टान्तले व्यक्तिगत पापीहरुको बिषयमा भनेको छैन।यस दृस्टान्तको अर्थलाई हेरौ।येशूले यस दृष्टान्तमा कुनै एउटा ब्यक्तीको बारेमा बोल्दै हुनुहुन्छ जससँग १०० भेडाहरु छन्।ति प्राचिन समयहरुमा धन-सम्पती चाँही भेडा,ऊँट,गाइबस्तु आदिको आधारमा गणना गरिन्थ्यो।उदाहरण: अब्राहाम, अय्युब, आदी।यो दृस्टान्त परमेश्वरको चित्र हो जो सारा सृष्टीको सृष्टीकर्ता र मालिक हुनुहुन्छ जसलाई भजनसङ्ग्रह २३:१ मा गोठाला भनि बर्णन गरिएको छ।प्रभुका भेडाहरु को हुन त?भेडाले परमेश्वरको आज्ञाकारी सृष्टिहरुलाई चित्रण गर्दछ।



१०० संख्याले प्रभुको अनेकन् सृष्टिहरुलाई चित्रण गर्दछ जस्तै जिबजन्तु,चराचुरुङ्गी,माछा,किरा-फट्याङ्ग्रा, बोट-बिरुवा,स्वर्गदुतहरु,चेरुभिम,मानिस आदि।वास्तवमा,१००ले पुर्णता अर्थात् परमेश्वरको समग्र सृष्टिहरुलाई समेटेको छ जब कि परमेश्वरको सृष्टिहरु आफै नै १०० भन्दा बढी छन्।



ति सबै परमेश्वरको सृष्टिहरु मध्य एउटा भेडा वा प्रजाति मात्रै हरायो र त्यो जन्तु मानबजाती हो।हामीहरु साच्चै नै पाप र यसको फल मृत्युमा सर्बस्वै हराएका प्राणीहरु हौ। (रोमी ६:२३)

☞अनि पर्मेश्वरले के गर्नुहुन्छ त?

हो,उहाँले ति हराएका भेडा वा हराएको मानबजातीलाई खोज्न आफ्नो एक्लौटे पुत्र येशूलाई पठाउनु भयो जसै हामी युहुन्ना ३:१६ मा पढ्न पाउँछौ।

*"किनभने पर्मेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र जन्माइएको पुत्रलाई दिनु भयो। परमेश्वरले आफ्ना पुत्रलाई दिनु भयो,उहाँमाथि विश्वास गर्ने कोहीपनि नाश नहोस् तर उसले अनन्त जीवन पाओस।"*

हो, हामी आउदो पाठहरुमा परमेश्वरको सम्पूर्ण मानबजातीको मुक्तीको लागी उहाको बिशाल योजनाको बिषयहरुमा हेर्नेछौ।हो, अनि अन्त्यमा जब मानब जातीलाई पाप र मृत्युको बन्धनबाट मुक्त गरी छुटकारा दिइ अनन्त जिबन प्रदान गरिन्छ तब स्वर्गमा ठुलो रमाहट हुनेछ।साच्चै, माथी उल्लेखित हराएका भेडाको दृस्टान्तमा थुप्रै ज्ञानको कुराहरु बुझ्न सकिन्छ जुन हामी आउदो पाठहरुमा अझ बृस्तित रूपमा अध्ययन गर्नेछौ।तर, यो दृष्टान्तिक भाषा बुझ्ने एउटा उदाहरण मात्र हो।अनि, हामी तेश्रो भाषाको रूपलाई हेरौ।

३) प्रतीकात्मक भाषा:

यो त्यस्तो भाषा हो, जुनमा महान अगमबाणीहरुको अर्थ लुकाउन चिन्हहरु प्रयोग भएका हुन्छन। प्रकाशको पुस्तक पुरै चिन्हहरुले भरिपुर्ण छ जसै हामी प्रकाश १:१ लाई पढ्न सक्छौ।

*"येशू ख्रीष्टको   प्रकाश ,जुन प्रकाश परमश्वरले आफ्ना सेवकहरुलाई चाँडै घट्ने यी कुराहरु, दर्शाउनका निम्ति उहाँलाई दिनुभयो; अनी उहाँले पठाइकन आफ्नो दुतद्वारा यो आफ्नो दास युहन्नालाई बताउनुभयो।*

यो भाषा शैली बाइबलका अरु धेरै पुस्तकहरु जस्तै इजकिएल,दानियल,आदिमा पनि प्रयोग भएको पाइन्छ। प्रकृती वरिपरीका थोकहरु जस्तै हावा,पानी,डाँडा,पहाड,हिमाल,शहर,बादलहरु,रुखहरु,घासपात,सिङ्गहरु, आगो आदी थुप्रै उपजहरुलाई चिन्हको रूपमा प्रयोग गरिएको छ र त्यसको अर्थ बाइबलमा नै सही प्रकारले पाइन्छ।एउटा उदाहरणलाई हेरौ।मत्ती १६:६ मा उल्लेख भएको खमिरको अर्थ के हो त?यसको उत्तर हामी मत्ती १६:१२ मा पढ्न पाउछौ।



*तब उहाँले रोटीको खमीर देखि होइन, तर फरिसीहरू र सदुकीहरूको शिक्षा देखि तिनीहरू होशियार बस्नु भन्नु भएको रहेछ भनी तिनीहरूले बुझे। "*

हो, सदुकी र फरिसीहरुको सिद्दान्तहरु झुटा शिक्षाहरु हुन जसै हामी प्रेरित २३:८ मा पढ्न पाउछौ ।

*"सदुकीहरूको विश्वास थियो मानिसहरू मरे पछि तिनीहरू फेरि जिउँदो हुँदैनन्, अनि स्वर्गदूत अथवा आत्मा हुँदैन। तर फरिसीहरू यी सबैमा विश्वास गर्छन्।"*

हो, पर्मेश्वरले खमिरलाई झुटा शिक्षा र सिद्दान्तहरुलाई चिनाउन/बुझाउन चिन्हको रूपमा प्रयोग गर्नुभएको छ । अब हामी यो भाषा प्रयोग भएको एउटा पुरै पदलाई नै अध्ययन गरौ।

उपदेशक ११:१

*"आफ्नो **अन्न पानीमा** फालिदेऊ, र धेरै दिनपछि तिमीले त्यो फेरि पाउनेछौ।"*

के  यो शाब्दिक अर्थ बोकेको पद हो त? तपाइले यदि अन्न/रोटीलाई पानीमा फालिदिनुभयो भने त्यो पानीमा घुलीहाल्दछ र कुनै भाग पनि बाकी रहदैन।अनि कसरी तपाईंले धेरै दिनपछी फेरी त्यसलाई पाउनुहुन्छ त? हो, यो प्रतिकात्मक भाषा हो।यसमा ३ वटा चिन्ह/प्रतिकहरु प्रयोग भएका छन –

१) अन्न / रोटी २) पानी ३) धेरै दिनपछी

हामी यसको अर्थहरुलाई हेरौ।

१) रोटी / अन्न: यसले पर्मेश्वरको बचन जुन आत्मिक रोटी हो, त्यसलाई जनाउदछ । (यर्मिया १५:१६, मत्ती ४:४)

२)पानी : यसले सन्सारलाई चित्रण गर्दछ जहाँ मानिसहरु,भिडहरु,जातीहरु र भाषाहरुलाई चित्रण गर्दछ जसै हामी प्रकाश १७ :१५ मा पढ्न पाउछौ।

३) धेरै दिन पछी**:** यसले यस पृथ्वीमा प्रभुको राज्यको अबधिलाई चित्रण गर्दछ जती बेला मात्र मानिसहरुले पश्चाताप गरी प्रभुमा फर्किन्छन जसै हामी भजनसङ्ग्रह २२:२७,२८ मा पढ्न पाउछौ ।


*"पृथ्वीका सबै छेउ-छाउहरुसम्मका मानिसहरुले सम्झना गर्नेछनअनी परम्प्रभुकाहा फर्कनेछन; अनी अन्यजातिका सबै कुलहरुले तपाईंको सामु दणडवत गर्नेछन। २८ किनकी राज्य परमप्रभुकै हो।;अनी जाती जाती मध्यमा उहाँ नै शासक हुनुहुन्छ। "*

हेर्नुभयो?तसर्थ, यो पदले बिना कुनै नतिजाको आशा राखेर मानिसहरुको अगाडी अहिले नै साक्षी बोल्ने आज्ञा दिदछ र यसको प्रतिफल भबिष्यमा देखिनेछ।तसर्थ, बाइबल पढ्ने र अध्ययन गर्ने जोसुकैले पनि त्यहाँ रहेका अध्याय/पदहरुको साचो सत्य पत्ता लगाउन त्यसलाई ठीक प्रकारले भेद छुट्टाउनु पर्छ वा त्यस्मा प्रयोग भएका भाषाको रूपलाई ठिक तरिकाले पहिल्याउन सक्नुपर्छ।यदी कतै प्रतिकात्मक भाषा प्रयोग भएको छ भने त्यसलाई दृष्टान्तको रूपमा लिनुहुँदैन।

## **३) तेश्रो सुनौलो तरिका :**




बाइबलको सत्यता खोल्ने तेश्रो चाबी चाही कुनै पनि बिषयलाई आधार लिएर त्यससँग सम्भन्धित पदहरुलाई बाइबल भरी नै अलिकती यता, अलिकती त्यता खोज्नु हो।जस्तै:प्राण,मुक्ति,बप्तिस्मा,मण्डली,आदी बिषयहरु। तपाईंहरु छक्क पर्नु होला कसरी कुनै पनि बिषयसँग पदहरु सबै कसरी चिन्ने र पत्ता लगाउने।यो ठुलो काम हो।तर यि अन्तिम दिनहरुमा प्रभुको कृपा हामी खृस्टियानहरु माथी छ।हो,कुनै पनि निश्चित बिषयहरुको समबन्धित बिभिन्न पदहरुलाई खोज्नको लागी सहायता गर्न आज हामी हरुसँग **Concordances** छ जहाँ कुनै पनि शब्दसँग आबद्द सबै पदहरु समेटिएको हुन्।








👉''आगो र घन"

यर्मिया २३:२९

*''के मेरो बचन  आगो जस्तो छैन र? परमप्रभु भन्नुहुन्छ ; अनी के त्यो घन जस्तो छैन र? जस्ले चट्टानलाई टुक्रा टुक्रा पार्छ ?''*

हो, यहाँ प्रभुको बचनलाई आगो र घन सँग तुलना गरिएको छ । यस्को अर्थ के हो त ? आगो त्यस्तो पदार्थ हो जेले दुबै नष्ट गर्ने र शुद्द गर्ने काम गर्दछ । फलाम हरुको हकमा आगोले त्यसमा भएका अशुद्वत्ताहरुलाई शुद्दिकरण गर्ने काम गर्दछ । तसर्थ , प्रभुको बचन पनि आगो जस्तै हो जेले पापलाई नष्ट गर्दछ र हृदयलाई सबै पाप र अशुद्वत्ताबाट शुद्दिकरण गर्दछ । अनि , यहाँ उल्लेख भएको घनले ठुलो र बलियो ढुङाबाट बनेको घनलाई चित्रण गर्दछ जुन ठुल्ठुला ढुङाहरु तोड्न प्रयोग हुन्छ । तसर्थ , प्रभुको बचन पनि एउटा ठुलो घन जस्तै हो जेले मानिसको पाप र स्वार्थबाट जकडिएर कडा भएको हृदयलाई तोडी स्वतन्त्र तुल्याउदछ।अनि , हाम्रो अर्को चिन्ह 'प्रकाश' को बारे पढौ।



भजनसङ्ग्रह ११९:१०५

*"तपाईंको वचन मेरा पाउहरुका निम्ती बत्ती, र मेरो बाटोका निम्ती ज्योति हो।"*

हो, यहाँ प्रभुको बचनलाई प्रकाशको चिन्हको रूपमा प्रयोग गरिएको छ । यसको अर्थ के हो त ? यसमा प्रयोग भएको चिन्हलाई राम्ररी बुझ्न यशैया ६०: २ लाई पढ्नु पर्छ।

*"किनकी हेर, अन्धकारले पृथ्वी लाई र घोर अन्धकारले जाती- जातिका मानिसहरुलाई ढाक्नेछ, तर परमप्रभु त माथि उदाउनुहुनेछ, र उहाँको महिमा त माथि देखापर्नेछ।"*

हो, यो साधारण अनधकार नभइ चिन्हको रूपमा साकेंतिक अन्धकार हो।सारा सन्सार र त्यसमा बसोबास गर्ने मानिसहरु अनधकारमा ढाकिनेछन।यस अन्धकारलाई हामी तब मात्रै बुझ्छौ जब हामी प्रकाशको चिन्हको अर्थलाई हेर्छौ र बुझ्छौ।हो, प्रभुको बचनको सत्यता नै त्यसको सत्य हो।

युहुन्ना १७:१७ *"तपाईंको सत्यद्वारा तिनीहरूलाई पबित्र पार्नुहोस् ;तपाईंको वचन सत्य हो।"*

र अन्धकारले असत्यलाई चित्रण गर्दछ। प्रभुको बचन चाही अन्धकार (असत्य) ले भरिएको ससांरको लागी प्रकाश (सत्य) हो।अनि, हामी अर्को चिन्ह 'तरवार'को बारेमा पढौ।

एफिसी ६: १७ *"अनी मुक्तिको टोप र आत्माको तरबार लेओ,जुन तरबारचाहि परमेश्वरको बचन हो "*



हो, बचनलाई यहाँ तरबारको चिन्हको रूपमा प्रयोग गरिएको छ।तरबार युद्धमा प्रयोग गरिने हतियार हो तर यहाँ यस्को अर्थ आत्मिक छ।हो, पर्मेश्वरको बचन दुष्ट र खराबीको बिरुद्द आत्मिक युद्धको लागी हतियार हो जसै हामी हिब्रु ४:१२ मा पढ्न पाउँछौ। *"परमेश्वरको वचन जीवित छ र क्रियाशील छ। उहाँको वचन कुनै दुईधारे तरवार भन्दा धारिलो छ,जसले प्राण र आत्मालाई अलग-अलग पार्ने गरी छेड्छ , र जुनचाही हृदयका बिचार र मनसायहरु खुट्यौने गर्छ।"*

दुबै तिर धारिलो हुनुले कसरी प्रभुको बचनले बोल्ने र सुन्ने दुबैलाई असर गर्दछ भन्ने कुरालाई चित्रण गर्दछ। अब, अन्त्यमा हामी अर्को चिन्हलाई पढ्नेछौ।



" **खाना**"

यहाँ, प्रभुको बचनलाई खानाको रूपमा चित्रण गरिएको छ।हो,प्रभुको वचन जिवन र मानव बिकासको लागी आत्मिक खाना हो जसै उ बुझाइमा अगाडी बढ्दै जान्छ र यो अनन्त जिबन आर्जन गर्ने माध्यम पनि हो।सक्षिंप्तमा र निश्कर्षमा हामी
२ तिमोथि ३:१६,१७ लाई पढौ।

*" सबै पवित्रशास्त्र परमेश्वरको प्रेरणाद्वारा दिइएको हो, अनी शिक्षाका निम्ती,भुलदोश देखाउनका निम्ती ,सुधारका निम्ती, धार्मिकताको सम्बन्धमा तालिमका निम्ती लाभदायक हुन्छ; १७ जसद्वारा परमेस्वोरको जन हरेक असल कामका निम्ती पूर्ण रुपले सुसज्जित भई सिद्द भएको हुन्छ।"*

ब्यबस्था ८: ३ *"परमप्रभुले तिमीलाई नम्र तुल्याउनु भयो, तिमीलाई भोको हुन दिनु भयो र तिमीलाई मन्न खुवाउनु भयो, जसलाई तिमीले न ता जानेका थियौ , न ता तिम्रा पुर्खाहरूले जानेका थिए ; रोटीलेमात्र बांच्दैन ,तर परमप्रभुको मुखबाट निस्कने हरेक वचनले मानीस बांच्दछ 'भन्नेकुरा तिमीलाई बुझ्ने तुल्याउनलाई उहाले यसो गर्नुभएको हो।*

हो,पर्मेश्वरको सेवाको लागी सबै सत्यहरुको उचित र पुर्ण ज्ञान आबश्यक हुँदछ।पर्मेश्वरको छोराछोरी हुन उहाको बचनलाई ध्यानसँग होशियारी साथ अध्ययन गर्न जरुरी हुन्।हो,आज हामिले त्यो दिशातर्फ अगाडी बढ्न पहिलो खुड्किलोलाई हेर्यौ।



**"आमेन"**